अनुसूची-१

(बुदा नं. ५ संग सम्बन्धित)

# मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश

## जनकपुरधाम धनुषा ।

**प्रदेश कानूनी सहायता अधिकृतको लागि करार सेवामा दरखास्त फारम पेश गर्ने सम्बन्धी सूचना।**

**सूचना प्रकाशित मितिः- २०७९-१२-१०**

**विज्ञापन नम्बरः- २०७९/८०-करार २**

यस मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेशमा मिति २०८०-०१-०१ देखि नियुक्ति हुने गरी प्रदेश कानूनी सहायता अधिकृत पदमा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक अधिवक्ताहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको वेवसाईट http://oca.madhesh.gov.np/ मा उपलब्ध रहेको आवेदन फारम भरी तपसिल बमोजिमको कागजातहरु संलग्न गरी यस कार्यालयको इमेल ठेगाना info.oca@madhesh.gov.np मार्फत दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । रित नपुगी वा म्याद नाघी वा दरखास्तसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्ने कागजातहरु संग्लन नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

१. **पदः** प्रदेश कानूनी सहायता अधिकृत,

२. **सेवाः-** न्याय

३. **समूहः-** सरकारी वकिल

४. **अवधिः** ३ महिना । अवधि समाप्त भयपछि ६/६ महिनाका दरले करारको म्याद थप गर्न सकिनेछ।

५. **मासिक पारिश्रमिकः** रा. प. तृतीय श्रेणीको शुरु स्केल बराबर ।

६. **प्रदान गर्नु पर्ने सेवाः** तोकिएको कार्यविवरण बमोजिम।

७. **संलग्न हुनु पर्ने कागजातहरुः (नोटरी पब्लिकबाट प्रमाणीत गरिएको हुनुपर्नेछ)**

    क. नेपाली नागरिकताको प्रतिलिपि

    ख. मान्यता प्राप्त विश्व विद्यालयबाट कानूनमा स्नातक गरेको प्रमाणपत्रको प्रतिलिपि

    ग. अधिवक्ताको प्रमाण पत्रको प्रतिलिपि,

    घ. सम्बन्धित विषयमा कुनै तालीम प्राप्त गरेको भए सोको प्रतिलिपि

८. **छनोटको किसिमः** अन्तरवार्ता र तोकिएका अन्य आधारमा हुने।

९. **नियुक्ति लिन आउनुपर्ने अवधिः** नियुक्तिका लागि छनौट भएका उम्मेदवारले छनौट भएको ७ दिनभित्र नियुक्ति लिन आउनु पर्नेछ।

१०. **आवश्यक पद संख्याः** १ (एक)

११. **कार्यक्षेत्रः** सप्तरी जिल्ला

१२. **निवेदन दस्तुरः-** नलाग्ने

१३. **उमेरः** दरखास्त दिने अन्तिम मिति सम्ममा ४५ वर्ष ननाघेको हुनुपर्ने छ ।

१४. **अन्तर्वार्ता कार्यक्रमः** कार्यालयको वेव साईटमा पछि सुचना प्रकाशित गरी जानकारी गरिनेछ ।

१५. **अन्तर्वार्तामा छनौट भएका उम्मेदवारहरुको हकमाः** कार्यालयको वेवसाईटबाट डाउनलोड गरी भरेको फर्म र फर्मसाथ संलग्न कागजातहरुको सक्कल प्रति लिएर नै कार्यालयमा अन्तर्वार्ताको लागि तोकिएको दिन र समयमा उपस्थिति हुनुपर्नेछ ।

१६. **बिशेष प्राथमिकताः** महिलालाई बिशेष प्राथमिकता दिईनेछ ।

१७. **कार्य गर्नुपर्ने समय अवधिः** तोकिएको कार्यालयमा बसेर पुर्णकालिन रुपमा कानूनी सहायता उपलब्ध गराउनुपर्नेछ ।

१८. **व्यक्तिगत रुपमा लेखापढी तथा बहस पैरबीः** मुख्य न्यायाधिवक्ताको कार्यालय पक्ष तथा विपक्ष भएको र कार्यालयको तर्फबाट आदेश भए बाहेकका अन्य मुद्दाहरुमा व्यक्तिगत रुपमा लेखापढी बहस पैरबी गर्न पाईनेछैन ।

**उप-न्यायाधिवक्ता**